"ग्रेठ, स्मार्ट, हरियाली, स्वच्छ, समृद्द समाजबाद उन्मुख नमुना गाउँपालिका"

# भिमसेनथापा गाउँपालिका
# BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

खान्चोक, गोरखा
Khanchok, Gorkha

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No) :- २०८१/०८२
चलानी नं. (Dispatch No) :- -

मितिः- २०८१/०९/१८
ने.स. ११४५ पोहेलाथ्व ३, बिहीवार

विषयः सीप परीक्षणको आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रस्तुत विषयमा, प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश कार्यालयको मिति २०८१/०९/१२ को प्रकाशित सूचना र गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय पोखराको मिति २०८१/०९/१६ को प्राप्त पत्रानुसार पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning - RPL) विधि अनुसार कार्यान्वयन हुने विभिन्न पेशामा एकाइगत (Unit-Based) सीप परीक्षण कार्यक्रम गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र भिमसेनथापा गाउँपालिकाको लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने हुँदा सहभागी हुन चाहाने स्वदेशी वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त भिमसेनथापा गाउँपालिका निवासी नागरिकबाट तपशिल पेशा व्यवसायमा फारम भरी रोजगार सेवा केन्द्र, भिमसेनथापा गाउँपालिकामा पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

(क) परीक्षण हुने व्यवसाय र तहः-

| क्र.स. | पेशा | तह |
|---|---|---|
| १ | कन्सट्रक्सन मेसन | २ |
| २ | प्लम्बर | २ |
| ३ | वेल्डर | २ |
| ४ | विल्डिङ पेन्टर | २ |
| ५ | टाईल मार्बल फिक्सर | १ |
| ६ | मोटरसाइकल मेकानिक | २ |
| ७ | सेल मोबाइल फोन टेक्निसियन | २ |
| ८ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङ्ग टेक्निसियन | २ |
| ९ | रेफ्रिजेरेटर एण्ड एयरकन्डिसन मेकानिक | २ |

(ख) आवेदनको लागि न्यूनतम योग्यताः-

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ बर्षको कार्य |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ बर्षको कार्य अनुभव भएको,<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ बर्षको कार्य अनुभव भएको, |

(ग) आवेदन तथा रजिष्टेसन शुल्कः- रु. २७० (आवेदक स्वयम् व्यहोर्ने)

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

(घ) सीप परिक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरुः-

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको वेभसाइट https://mosd.gandaki.gov.np तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् गण्डकी प्रदेशको वेभसाइट https:ctevtgandaki.org.np बाट र भिमसेनथापा गाउँपालिका कार्यालयको रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ।

२) आवेदन फारम भिमसेनथापा गाउँपालिका कार्यालयको रोजगार सेवा केन्द्रमा केन्द्रमा मिति २०८१/१०/११ गते भित्र बुझाउनु पर्नेछ। आवेदन फारम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्टसम्म बुझाउन सकिनेछ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजि रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेका स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। अनुभव १६ वर्ष उमेरपछिको मात्र मान्य हुनेछ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परिक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरु स्वतः रद्द हुनेछ।

७) परामर्श सेवा तथा सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचार (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन।

९) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन गर्न सक्नेछन।

१०) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरु मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन।

११) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ।

थप जानकारीको लागिः- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री यान बहादुर नेपाली ९८५६००४०२७
रोजगार संयोजक श्री प्रदिप भट्ट ९८४९६७९३५२

२०८१/९/१८

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

☐ पूनः परीक्षणको लागि

सि.नं ........

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

**कार्यालय प्रयोजनको लागि**

| | | | | |
|---|---|---|---|---|
| पंजीकरण संख्या / (Reg.No) | | पंजीकरण मिति / (Reg.Date) | | फोटो |
| सीप क्रमाङ्क / (Skill Symbol No) | | परीक्षण किसिम | नियमित ☐ प्रायोजित ☐ | |

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट मिति........................मा लिईने सीप परीक्षणमा सम्मिलित हून मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम / अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु । नियमानुसार परीक्षणमा सहभागी हुन पाउं ।

**व्यवसाय** ................................................................ **तहः** ......... **परीक्षण केन्द्रः**..................................................................

१. निवेदकको पूरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मितिः (विक्रम सम्वतमा) २०.................. साल .......... महिना ........... गते (इस्वी सन्‌मा) २०.............साल ......... महिना ..........गते

**लिङ्ग**: पुरुष / महिला / अन्य **जातिगत समुहः** दलित ☐ जनजाती ☐ अन्य ☐ **नागरिकताः**

प्रमाणपत्र नं.:
जारी जिल्ला:............................ मितिः...................

३ .बाबुको पूरा नाम, थर: **देवनागरीमा**

बाबुको पूरा नाम, थर: **अंग्रेजी ठूलो अक्षरमा**

४. **निवेदकको स्थायी ठेगानाः**

नेपालीमाः गा.पा. / न.पा. / महा.न.पा.........................................वडा.........ब्लक नं...............जिल्ला...............................अंचल...........................

अंग्रेजीमाः RM/N/M.........................................Ward No............. Block No............ .........District..............................Zone...........................................

५. **पत्राचार गर्ने ठेगानाः** गा.पा / न.पा. / महा.न.पा..............................वडा........ब्लक नं.........जिल्ला.........................अंचल..................फोन .................

६. **व्यवसाय सम्बन्धी विवरणः**

| सम्बन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्बन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नामः<br>वर्ष ......... महिनाः...........(........... घण्टा) | संस्थाको नामः<br>वर्ष ............... महिनाः ................ | देश र संस्थाको नामः<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष ............... महिनाः ................ |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्थाः छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) बैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय.................................................................................................... तह.................

परीक्षण मिति...................... केन्द्र...................................................................................... उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )

पंजीकरण संख्या........................................सीप क्रमाङ्क........................................

९. यदि बैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ........................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला ।

.............................. ..........................

मिति निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नं:................<br>मितिः.................. | ● उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य / अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत / अस्वीकृत लागि सिफारिश गर्दछु ।<br>● फाराम अस्वीकृत भए कारणः...................................................... | |
| ..........................<br>लेखा शाखा | ..............................<br>सीप परीक्षण अधिकृत | ..............................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |